**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७७/०७८ सालको निर्णय नं. ९२

पुनरावेदन नं. : ०७५-RB-०११५

पुनरावेदन दर्ता मितिः २०७५।०७।२९

**मुद्दाः बढी भन्सार मूल्यांकन। (M10354)**

पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४ अलखिया मोड स्थित ओमवीर ओभरसिज प्रा.लि.को तर्फबाट ऐ. का अधिकार प्राप्त एकल संचालक ऐ.ऐ. बस्ने वर्ष ४४ को राजेश कुमार केडिया ........................................................................१ } पुनरावेदक

**विरूद्ध**

सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा ......................................१
मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं ...................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा
शुरु निर्णय मिति : २०७५।०२।१३
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार अधिकृत श्री सूर्य प्रसाद सेडाईं

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्‌वान अधिवक्ता श्री सुरज श्रेष्ठ
प्रत्यर्थीहरुको तर्फबाट : विद्‌वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साबाट भएको मिति २०७५।०२।१३ को निर्णय र मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५।०५।०८ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छः-

## मुद्दाको तथ्य

१. OM BIR OVERSEAS Pvt. Ltd. (PAN No. ३०५५३०६७७) ले UAE बाट तारिख 10.05.2018 को बीजक संख्या 1046/786/KING/2018 बाट पैठारी गरी ल्याएको White Crystal Sugar ICUMSA below 45 को भन्सार मूल्य निर्धारणका लागि सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सामा मिति २०७५/०२/०९ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ वमोजिम मूल्य घोषणा गरी निवेदन दिएको।

२. बिजकमा उल्लेखित मालबस्तुको घोषित मूल्य **CNF।KOC 350USD।PMT** अन्य पैठारीकर्ताले घोषणा गरेको **Asycuda** Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम मूल्यमा पैठारीकर्ताले घोषणा गरेकोले मूल्य शंकास्पद देखिएको हुँदा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ६ बमोजिम निजले घोषणा गरेको मूल्य नै वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने अन्य थप कागजात तथा प्रमाणहरु पेश गर्न सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साबाट चलानी नम्बर २२१३ मिति २०७५/०२/०९ मा पत्राचार गरिएकोमा पैठारीकर्ताबाट पेश हुन आएका थप कागजात तथा प्रमाणहरुबाट समेत घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तबिक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टी हुन सकेको अवस्था नभएको हुँदा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ वमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन। मूल्यांकनका लागि प्राप्त भएको मालवस्तु जस्तै चारित्रिक गुण भएको White Crystal Sugar ICUMSA below 45 पाकिस्तान तथा अन्य देशबाट पैठारी हुँदा प्रति मे.ट. ४६० अमेरिकी डलरका दरले मूल्य कायम भएको यसै कार्यालयको अभिलेखबाट देखिँदा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम क्रमशः अवलम्वन गर्नुपर्ने सोही ऐनको १३(९) बमोजिम यस अघि नेपालमा आयात भएको मालबस्तुसंग मिल्दोजुल्दो मालबस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखियो। यसमा बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य प्रति मे.ट. CRF USD 460 कायम गरी बिजकको मूल्य CRF USD 1,00,100.00 मा बृद्धि भएको CRF USD 31,460.00 जोडी जम्मा बिजकको मूल्य CRF USD 1,31,560.00 मा भाडा रु. ७,८६,५००/- बिमा रु. ४५,४४९/- र अन्य खर्चहरु रु. १,६५,०००/- समेत समावेश गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम भन्सार मूल्य निर्धारण गरी सोही ऐनको दफा १५(क) बमोजिम मालबस्तु जाँचपास हुने भनि मिति २०७५/०२/१३ मा भएको सुख्खा बन्दरगाह भन्सार कार्यालयको आदेश।

३. पैठारीकर्ता ओमवीर ओभरसिज प्रा.लि.ले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र विजक मूल्य सही हो। कम्पनीले पेश गरेका Invoice तथा कागजातहरु सही र सत्य हुँदाहुँदै पनि भन्सार अधिकृतले सोलाई मान्यता नदिई अस्वभाविक रुपमा मूल्य बढाएको उपर चित्त नबुझेको भनी मूल्यांकन पुनरावलोकन समितिमा निवेदन दिएको।

४. प्राप्त कागजातहरुको अध्ययन गर्दा पैठारीकर्ता OM BIR OVERSEAS Pvt. Ltd. (PAN No. **३०५५३०६७७**) ले सुख्खा बन्दरगाह भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट

भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य कायम हुन नसकेको, त्यसैगरी सोही ऐनको दफा १३ को उपदफा ८ अनुरुप पनि मूल्य कायम गर्ने आधार र प्रमाण नभेटिएकोले मूल्यांकनको लागि पेश भएको मालबस्तु जस्तै चारित्रिक गुण भएको White Crystal Sugar below 45 पाकिस्तान तथा अन्य देशबाट पैठारी हुँदा प्रति मे.टन USD 460 को दरले भन्सार मूल्य कायम भएको यसै कार्यालयको अभिलेखबाट देखिँदा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम क्रमशः अवलम्बन गर्नपर्ने सोही ऐनको दफा १३(९) बमोजिम यस अघि नेपालमा आयात भएको मालबस्तुमा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखिएको भनि सुक्खा बन्दरगाह भन्सार कार्यालयले मिति २०७५/०२/१३ मा पैठारी कर्ताले घोषणा गरेको मूल्यमा बृद्धि गरी कारोबार मूल्य कायम गरेको देखिन्छ। साथै भन्सार मूल्यांकन निर्देशिका, २०६८ (पहिलो संशोधन २०७२ सहित) को परिच्छेद ३ को दफा ५ को खण्ड (क) मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ८ र ९ बमोजिम कारोबार मूल्य विश्लेषण गर्दा स्वचालित भन्सार प्रणाली Asycuda data बाट उपलब्ध भएसम्म पछिल्लो ९० दिनभित्रको तथ्याङ्क समेत लिई विश्लेषण गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ, जस अनुसार Asycuda World System मा रहेको अभिलेख हेर्दा सुक्खा बन्दरगाह भन्सार कार्यालयको M912 मिति 16.01.2018 तथा M3271 मिति 21.02.2018 मा पनि क्रमशः USD 460 Per MT र USD 466 Per MT मा सोही प्रकृतिको मालवस्तु (Sugar) जाँचपास भएको देखिन्छ। यसमा निवेदकको दावी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेत अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले सुक्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम गरेको मूल्य प्रति मे.टन USD 460 कानून सम्मत नै देखिँदा सदर हुने ठहर्छ भनी मिति २०७५/०५/०८ मा मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय।

५. घोषणा गरेको कारोबार मूल्यमा कुनै कैफियत नजनाई, कुनै आधार नदेखाई मोल बढाएको, शुरुमा पेश गरेको र पछि माग गरिएको सम्पूर्ण प्रमाण कागजहरुको परीक्षण एवं मूल्यांकन नै नगरी प्रत्यर्थीबाट कायम भएको गैरकानूनी मूल्यलाई नै सदर ठहर गरेको, भंसार ऐन, २०६४ को उपदफा १३ को उपदफा १ देखि ७ को अवस्था रहेमा सोही वमोजिम र सो नभएमा उपदफा ८ र सो पछिका उपदफाहरुको प्रक्रिया अवलम्बन गरी कारोवार मूल्य कायम गर्नु पर्ने स्पष्ट कानूनी व्यवस्था हुँदा हुँदै पनि प्रत्यर्थीबाट उपदफा १ देखि ७ सम्मको कुनै प्रक्रिया अवलम्बन नगरी एकै पटक दफा १३(९) बमोजिम कारोवार मूल्य कायम गरेको, सामान पैठारी हुनु अगाडिको निर्णयको आधारमा हचुवा तवरबाट मूल्य कायम गरेको, पैठारी गर्दाका **Performa Invoice, Commercial Invoice, Sales contract, Certificate of Origin, Insurance copy, Packing list, Health Certificate,** प्रज्ञापन पत्र तथा बैंक मार्फत भएका भुक्तानीका कागजातहरु निवेदनसाथ समावेश गरेकोमा ती प्रमाण कागजलाई बिना कारण यथार्थ मान्न नसकेको भनिएको, आर्थिक ऐन, २०७४ को दफा ४ को व्यवस्था विपरित कृषि सुधार शुल्क लगाएको समेतका कारण प्रत्यर्थी कार्यालयको मिति २०७५/०२/१३ को निर्णय एवं सो सम्बन्धमा भए गरेका अन्य काम कारबाही तथा मूल्यांकन पुनरावलोकन समितिको मिति २०७५/०५/०८ को निर्णय बदर गरी

न्याय इन्साफ पाउँ भन्ने समेत बेहोराको यस न्यायाधिकरणमा परेको मिति २०७५।०७।२९ को पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) वमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७६।०२।३० मा भएको आदेश।

ठहर खण्ड

७. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदक ओम विर ओभरसिज प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले पुनरावेदक करदाताले पैठारी गरेको चिनीको मूल्य प्रति मेट्रिक टन ३५० अमेरिकी डलर रहेको कुराको पुष्टि सम्बन्धित पैठारीकर्ताले जारी गरेको प्रोफर्मा इनभ्वाइस, कमर्सियल इन्भ्वाइस तथा निवेदकले बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको कागजातहरुबाट प्रमाणित भैरहेको अवस्थामा उक्त प्रमाणहरुलाई वेवास्ता गर्दै वास्तविक मुल्यभन्दा फरक प्रति मे.टन ४६० अमेरीकी डलर भन्सार मूल्य कायम गर्ने गरी सुरु भन्सार कार्यालयबाट भएको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पैठारीकर्ताबाट पेश भएको बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database को मूल्यभन्दा कम भएको तथा अन्य सूचना प्रणाली एवं स्थानीय मूल्यभन्दा कम भएको कारण निजले घोषणा गरेको मूल्य वास्तविक मूल्य हो भन्ने अवस्था नभएको र सो कुराको प्रमाण समेत पैठारीकर्ताबाट पेश नभएको कारण प्रत्यर्थीहरुबाट भएको निर्णय कानूनसम्मत रहेको छ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

८. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुबै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा विपक्षी कार्यालयहरुबाट पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम आयातित मालबस्तुको कारोबार मूल्य कायम हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. अव निर्णयतर्फ विचार गर्दा, पैठारीकर्ता OM BIR OVEWRSEAS Pvt. Ltd ले UAE बाट खरिद गरी ल्याएको White Crystal Sugar ICUMSA below 45 को भन्सार मूल्य निर्धारणका लागि सुख्खा भन्सार कार्यालय, सिर्सिया पर्सामा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम प्रति मे.टन.३५० अमेरिकी डलर कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो वस्तुको प्रति इकाई मूल्य ४६० अमेरिकी डलर प्रति

मे.टन कायम गरी मालवस्तुको जाँचपास हुने भनी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३(९) वमोजिम कायम गरेको मूल्य USD 460 प्रति मेट्रिक टन कानून सम्मत नै रहेको भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत निर्णय भएको देखिन्छ। हाम्रो कम्पनीले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको Invoice तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको भन्सार मूल्यलाई मान्यता नदिने गरी प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१०. पुनरावेदक पैठारीकर्ताले मिति २०७५/०२/११ मा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम मालबस्तु पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन गर्दा उक्त मूल्य Asycuda Database अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम भएको भन्ने प्रत्यर्थीहरुको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा "पैठारीकर्ताले उपदफा ३ वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। पैठारीकर्ताले उल्लेखित ऐनको व्यवस्था वमोजिम Commercial Invoice लगायतका अन्य कागजातहरु पेश गरेको भन्ने समेत जिकिर लिएको देखिन्छ।

११. पैठारीकर्ताले आयातित White Crystal Sugar Below 45 बस्तुको समान चारित्रिक गुण भएका वस्तु पाकिस्तान तथा अन्य देशबाट अन्य पैठारीकर्ताले आयात गर्दा प्रति मेट्रिक टन 460 USD का दरले भन्सार मूल्य कायम गरिएको भन्ने सुख्खा भन्सार कार्यालय, वीरगंजको अभिलेखबाट समेत देखिएको भन्ने छ। भन्सार ऐन, २०६४ को दफा १३(९) ले "...समरुपका मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालबस्तु (Similar Goods) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।" भन्ने व्यवस्था निर्दिष्ट गरेको छ। यसरी सोही भन्सार नाकाबाट पैठारी भएको समान प्रकृतिको मालवस्तुको अघिल्लो कारोबार मूल्य USD 460 प्रति मे.टन भएको स्पष्ट Database रहेको अवस्थामा सोलाई आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्य USD350 अमान्य गर्ने गरी सुख्खा भन्सार कार्यालय सिर्सियाले गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१२. पैठारीकर्ताले पैठारीको क्रममा पेश गरेको कागजातहरुको आधारमा आफूले पेश गरे बमोजिम कारोबार मूल्य कायम हुनुपर्ने भन्ने जिकिर लिएतापनि निजले पैठारी गरेको मालवस्तुको मूल्याङ्कन भन्सार ऐन, २०६४ को परिच्छेद ५ मा रहेको भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्थाको दफा १३ ले तोकेको विधि तथा प्रक्रियाको आधारमा भएको नदेखिँदा पैठारी गरेको चिनीको कारोबार मूल्य 350 USD प्रति मे.टन नै कायम हुनुपर्छ भनी लिएको जिकिर मिलेको देखिन आएन।

१३. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ३०५५३०६७७ भएका पुनरावेदक पैठारीकर्ता OM BIR OVERSEASE PVT LTD बाट भएको कारोबार मूल्यको घोषणा सम्बन्धमा सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट बिजकमा उल्लेखित मालवस्तुको प्रति इकाई मूल्य USD 350 लाई मान्यता नदिई CRF USD 460.00 प्रति मे.टन कायम गर्ने गरी भन्सार ऐन, २०६४ को दाफ १३ को उपदफा ९ वमोजिम भन्सार मूल्य निर्धारण गरी ऐ. दफाको उपदफा १५(क) वमोजिम मालवस्तु जाँचपास गर्ने भनी मिति २०७५/०२/१३/०१ मा गरेको निर्णय तथा सोलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति काठमाडौंबाट मिति २०७५/०५/०८ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु १

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु...........२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु..........................................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः-प्रमोद रिजाल
टिपोटमा सहयोग गर्नेः ना.सु.हेमन्त फुयाँल
ईति सम्वत् २०७७ साल फाल्गुण १७ गते रोज् २ शुभम्..............................................